# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बुटवल १२, रुपन्देही

फोन: ०७१-४३८५१३, ४१९०१३ फयाक्स: ०७१-४१९०१४

इमेल: info@rsdcmf.com


(कम्पनि ऐन, २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनको लागि प्रकाशित विवरण)

## आरएसडिसी लघुवित्त वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभाको काम कारवाहीको विवरण (माईन्युट)

### १. वैधानिक सभा

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको २०७४ कात्तिक ११ मा बसेको संचालक समितिको ५८औं वैठकले निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ र आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को नियमावलीको परिच्छेद ३ को दफा २३ बमोजिम वोलाईएको चौथो वार्षिक साधारणसभा वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा निम्नलिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमको प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु सहित समापन भयो ।

### २. सभा संचालन मिति, समय र स्थान:

मिति : २०७४ साल मंसीर ०८ गते शुक्रबार (तदनुसार नोभेम्बर २४, २०१७)
समय : शुरुवात: विहानको ९:०० बजे र समापन: १२.३० बजे ।
स्थान : एशियन होटल, कालिकानगर, बुटवल, रुपन्देही ।

### ३. सभाको सुचना

वित्तीय संस्थाको चौथो बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम मिति २०७४/०७/१७ र २०७४/०७/१९ गतेको राष्ट्रियस्तरको "अभियान" आर्थिक दैनिकमा छलफलका बिषयसुची, सभा हुने मिति, स्थान र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै संचालक समितिले साधारणसभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन शेयर सदस्यको ठेगानामा पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

### ४. उपस्थिति :

वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभामा देहाय बमोजिमका सञ्चालकहरुको उपस्थिति रहेको थियो ।

<u>संचालक समिति</u>

१. श्री राजेन्द्र प्रसाद दाहाल, अध्यक्ष
२. श्री चन्द्रराज शर्मा, सदस्य
३. श्री शिवप्रसाद बस्याल, सदस्य
४. श्री हरिप्रसाद भट्टराई, सदस्य
५. श्री राजेन्द्र पन्त, सदस्य
६. श्री अमर डंगोल महर्जन, सदस्य
७. श्री किरण विष्ट, सदस्य

**आमन्त्रित**

१. श्री मेखबहादुर थापा, महाप्रबन्धक, एनआईबिएल क्यापिटल लि., काठमाण्डौ
२. श्री कविन्द्रध्वज जोशी, नायब महाप्रबन्धक एनआईबिएल क्यापिटल लि., काठमाण्डौ

**कर्मचारी**

१. श्री दामोदर जोशी, प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
२. श्री रामप्रसाद पन्थी, वरिष्ठ प्रबन्धक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
३. श्री रविन्द्र न्यौपाने, प्रबन्धक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
४. श्री पारशमणी ज्ञवाली, स. प्रबन्धक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
५. श्री अनन्त राज पन्त, स. प्रबन्धक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
६. श्री मिलन अधिकारी, लेखा अधिकृत, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
७. श्री विन्दु न्यौपाने, क. अधिकृत, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
८. श्री दीक्षा खनाल, सहायक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
९. श्री शिवप्रसाद घिमिरे, मेसेन्जर, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
१०. श्री कृष्णप्रसाद श्रेष्ठ, चालक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
११. श्री चुनकला भण्डारी, कार्यालय सहायक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

**उपस्थिति**

शेयरधनीको स्वयंम उपस्थितिः १२१ जना
प्रोक्सी मार्फत उपस्थितिः ७३
जम्मा शेयरको सभामा प्रतिनिधित्व : ६,२२,४२३.५० कित्ता (५४.१२%)

## ५. साधारणसभाका प्रस्तावहरु

क) सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७३/७४ माथि छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०७३/७४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७४/७५ का लागि लेखापरीक्षक नियुक्त गर्ने ( हालका लेखा परीक्षक खगेन्द्र एण्ड एसोसियट्सका श्री खगेन्द्र भट्टराई पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.६८ प्रतिशतले हुन आउने रकम रु.७,८६,८४२।- नगद लाभांश (कर प्रयोजनार्थ) पारित गर्ने ।

ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पुँजी रु. ११ करोड ५० लाखको १३ प्रतिशतले हुने रु. १ करोड ४९ लाख ५० हजार बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. हकप्रद तथा बोनस शेयर बाँडफाँड पश्चात कायम हुने चुक्ता पुँजी रु. ३५ करोड ९९ लाख ५० हजारमा ५:३ (साविक ५ कित्ता शेयर बराबर ३ कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।
३. वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. ३४ करोड ५० लाखबाट वृद्धि गरी अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. ५७ करोड ५९ लाख २० हजार पुऱ्याउने ।
४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
५. माथि उल्लिखित कार्यहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृत पश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

ग) विविध :
स्वतन्त्र व्यावसायिक संचालकको नियुक्ती सम्बन्धि जानकारी

## ६. साधारणसभाको वैधानिकता

कम्पनी ऐन २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरि यो सभा वोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारणसभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको स्वयम र प्रोक्सी मार्फत उपस्थिति संख्या १९५ जना रहेको र यसले कुल ५४.१२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने हुनाले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी गराउँदै आजको चौथो वार्षिक साधारणसभाले वैधानिकता पाउनको लागि सवै प्रकृया पुरा भएको कम्पनी सचिव दामोदर जोशीले सम्मानित सभामा जानकारी गराउनु भयो । तत्पश्चात वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभाको अध्यक्षता नियमानुसार समितिका अध्यक्षले गर्नुपर्ने भएकोले श्री राजेन्द्र प्रसाद दाहालले अध्यक्षताको आसनग्रहण गराउनुका साथै क्रमश सम्पुर्ण संचालक तथा उपस्थित आमन्त्रित व्यक्तिहरु तथा शेयरधनीहरुलाई आसन ग्रहण गराईयो । आसनग्रहण कार्य सम्पन्न भएपछि अध्यक्षबाट पानसमा बत्ति वालेर साधारणसभाको उद्घाटन गर्दै विधिवतः प्रकृया शुरु गरियो ।

## ७. कम्पनी सचिवको प्रस्तुती

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभामा स्वागत गर्दै कम्पनी सचिव दामोदर जोशीले वित्तीय संस्थाको २०७४ मंसीर ०७ गते बसेको संचालक समितिको ६०औं वैठकले श्री किरण बिष्टलाई "स्वतन्त्र सञ्चालक" को रुपमा मनोनित गरेको जानकारी सम्मानित सभामा गराउनु भयो । सभाको औपचारिक कार्यक्रमलाई अगाडि बढाउने क्रममा संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षज्यूलाई आग्रह गर्नु भयो ।

## ८. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत

संचालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले आरएसडिसी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदनको साथै वित्तीय संस्थाको आर्थिक बर्ष समाप्ति पश्चातका घटनाक्रम सभामा प्रस्तुत गर्दै सभाको औपचारिक सत्रको शुभारम्भ गर्नुभयो। अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट वित्तीय संस्थाका अन्य प्रस्तावहरु समेत छलफलको लागि प्रस्तुत गर्दै शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी र सुझावको लागि सम्मानित सभालाई आव्हान गर्नुभयो ।

## ९. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु

साधारणसभामा शेयरधनी महानुभावहरुको जिज्ञासा आउने क्रममा सर्वप्रथम श्री मनहरी बस्यालले स्टेजमा वोल्नको लागि अनुमति माग गरेकोमा स्टेजमा आमन्त्रण गरियो । उहांले वित्तीय संस्थाको कर्जा-लगानी, नाफा, प्रतिशेयर आम्दानी सन्तोषजनक रहेतापनि, वित्तीय संस्थाको प्रमुख संस्थागत लगानीकर्ता ग्रामिण स्वावलम्बन विकास केन्द्र तथा बैंक अफ काठमाण्डौंको समिति/कर्मचारी परिवर्तन हुंदा वित्तीय संस्थाको सञ्चालक समितिमा पनि परिवर्तन हुनाले नकारात्मक प्रभाव पर्नसक्ने तर्फ सचेत गराउदै उल्लेखित संस्थाहरुले जसलाई मनोनित गरेतापनि पुरा कार्यकाल काम गर्न दिनु उचित हुने विचार ब्यक्त गर्नुभयो । त्यस्तै वित्तीय संस्थाको सञ्चालन खर्च र नाफा करिब करिब बराबर रहेको र वित्तीय संस्थाले कर्जा प्राप्त गर्ने तथा कर्जा प्रदान गर्ने संस्थाहरुको सम्बन्धमा थप जानकारी माग गर्नुभयो । त्यस्तै शेयरधनी श्री राजेन्द्र लम्सालले वित्तीय संस्थाले प्रदान गर्न लागेको १३ प्रतिशत बोनश नगद हो कि शेयर बोनश हो भनी प्रश्न गर्नुका साथै हकप्रद निष्काशनमा नबिकेको शेयर कसरी विक्री वितरण गरिन्छ र संस्थापक

शेयर बिक्री वितरण गर्ने प्रकृया के छ भनेर जिज्ञासा राख्नुभयो । छलफलको क्रममा शेयरधनी श्री वालकृष्ण पौडेलले वित्तीय संस्थाको हालसम्मको प्रगती सन्तोषजनक रहेतापनि लगानीकर्ताहरुले नगदमा प्रतिफल पाउन नसकेको धारणा व्यक्त गर्नुभयो । त्यस्तै वित्तीय संस्थाको कर्जाले साझेदार संस्थाहरुमा पारेको सकारात्मक परिवर्तनको बारेमा समेत प्रतिवेदनमा उल्लेख गर्नसके अझ राम्रो हुने सुझाव दिँदै धेरै भन्दा धेरै शेयरधनीहरुलाई साधारणसभामा सहभागी गराउने तर्फ पहल गर्न ध्यानाकर्षण गर्नुभयो । अध्यक्षको प्रतिवेदन उपर टिप्पणी गर्ने क्रममा शेयरधनी डा. चन्द्र प्रसाद पोखरेलले वित्तीय संस्थाको शेयर पुँजीमा बृद्धि भएसंगै प्रतिफलमा पनि सोही अनुपात बृद्धि गर्नको लागि व्यवस्थापनले उचित रणनीति बनाई कार्यान्वयन गर्नुपर्ने तर्फ जोड दिनुभयो । छलफलमा भाग लिन ईच्छुक व्यक्तिहरु वांकी नभएकोले जिज्ञासा, टिप्पणी तथा सुझावको सत्र अन्त्य गरियो ।

## १०. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर

उल्लेखित जिज्ञासा टिप्पणी तथा सुझावहरुको लागि शेयरधनीहरुलाई धन्यवाद दिदै अध्यक्षले शेयरधनी महानुभावहरुले दिनु भएको हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो । जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको जवाफ दिने क्रममा अध्यक्षले वित्तीय संस्थाले बिगतका कारोबार लगायत समग्र अवस्थाको मुल्याङ्कन गरि आगामी पाँच वर्षको लागि व्यवसायिक रणनीतिक योजना बनाएर लागु गरिसकेको जानकारी दिनुभयो । त्यस्तै उहाँले, संस्थागत विकासको लागि नेतृत्वको निरन्तरता महत्वपुर्ण पक्ष भएतापनि कहिले काँही विविध वैधानिक प्रावधानका कारण नेतृत्व परिवर्तन हुने गरेको जानकारी दिँदै वित्तीय संस्थाको प्रमुख लगानीकर्ता भएको कारण ग्रामिण स्वावलम्बन विकास केन्द्र वित्तीय संस्थाको समग्र विकासको लागि हरदम प्रयत्नशील रहने बताउनु भयो । टिप्पणी तथा जिज्ञासाहरुको जवाफ दिने क्रममा सञ्चालक श्री चन्द्रराज शर्माले, कुनै पनि संस्थाको दुरदृष्टि, ध्येय तथा लक्ष्य पुर्व निर्धारित हुने र संस्थाको समिति तथा व्यवस्थापनमा जो भएपनि वैधानिक प्रावधानको सिमाभित्र रही संस्थागत लक्ष्य प्राप्तीमा नै अग्रसर रहने भएकाले कहिले काँही हुने नेतृत्व परिवर्तनले संस्थालाई कुनै नकारात्मक प्रभाव नपर्ने तथा कतिपय अवस्थामा सकारात्मक प्रभाव समेत पर्नसक्ने स्पष्ट गर्नुभयो । छलफलका क्रममा उठेका अन्य जिज्ञासाहरुको समाधान गर्ने क्रममा अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत दामोदर जोशीले सञ्चालन खर्च र नाफा करिब करिब बराबर हुनुमा वित्तीय संस्था सञ्चालनमा आएको अवधिले प्रभाव पारेको र संस्था सञ्चालनको समयक्रम बढे संगै उक्त अनुपातमा सकारात्मक परिवर्तन आउने जानकारी सम्मानित सभामा गराउनु भयो । त्यस्तै, वित्तीय संस्थाले हाल १३ प्रतिशत शेयर लाभांस प्रस्तावित गरेको र कर प्रयोजनार्थ मात्र नगद लाभांस दिईएको तथा नियामक निकायले पुँजी बृद्धि गर्नै पर्ने बाध्यकारी व्यवस्था गरेकोले वित्तीय संस्थाले नगद लाभांस दिन नपाएको तथ्य अवगत गराउनु भयो । जिज्ञासा तथा टिप्पणीहरुलाई सम्बोधन गर्ने क्रममा उहाँले हकप्रदमा नबिकेको शेयर बिक्री वितरण तथा संस्थापक शेयर बिक्री गर्ने प्रकृया प्रचलित कानूनले निर्धारण गरे बमोजिम रहेको जानकारी दिनुका साथै वित्तीय संस्थाले साधारणसभामा धेरै शेयरधनीहरुको उपस्थिती सुनिश्चित गर्नको लागि निजहरुले उपलब्ध गराएको ठेगाना तथा नम्बरमा सम्पर्क गरेर जानकारी दिएको बताउदै कसैको ठेगाना वा नम्बर परिवर्तन भएको भए वित्तीय संस्थामा आएर अद्यावधिक गराउन समेत अनुरोध गर्नुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव पश्चात कम्पनी सचिवले साधारणसभाका प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

## ११. साधारणसभाको निर्णय

**<u>क) सामान्य प्रस्तावहरुः</u>**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७३/७४ माथि छलफल गरी पारित गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. १. बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन निर्णयार्थ सभामा प्रस्तुत हुंदा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. आर्थिक वर्ष २०७३/७४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. २. बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुंदा उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७४/७५ का लागि लेखा परीक्षक नियुक्त गर्ने ( हालका लेखा परीक्षक खगेन्द्र एण्ड एसोसियट्सका श्री खगेन्द्र भट्टराई पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र निजको पारिश्रमिक तोक्ने ।

**निर्णयः**

प्रस्ताव नं. ३. बमोजिम आ. व. २०७४/७५ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिश सहितको प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट लेखा परीक्षण समितिको सिफारिश बमोजिम श्री खगेन्द्र एण्ड एसोशीयट्स का चार्टर्ड एकाउन्टेन्ट श्री खगेन्द्र प्रसाद भट्टराईलाई रु १,१५,०००/- (एक लाख पन्ध्र हजार) कर वाहेक पारिश्रमिक प्रदान गर्ने गरी आर्थिक वर्ष २०७४/७५ का लागि लेखा परीक्षकमा नियुक्ति गर्ने सर्व सम्मत निर्णय भयो ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.६८ प्रतिशतले हुन आउने रकम रु.७,८६,८४२।- नगद लाभांश ( कर प्रयोजनार्थ) पारित गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. ४ बमोजिम सञ्चालक समितिबाट प्रस्ताव गरिएको ०.६८ प्रतिशतले हुन आउने रकम रु.७,८६,८४२।- नगद लाभांश (कर प्रयोजनार्थ) निर्णयार्थ सभामा प्रस्तुत हुंदा पारित गर्ने सर्व सम्मत निर्णय भयो ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पुंजी रु. ११ करोड ५० लाखको १३ प्रतिशतले हुने रु. १ करोड ४९ लाख ५० हजार बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णयः**

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. १ बमोजिम संचालक समितिले प्रस्तावित गरे अनुरुप १३ प्रतिशत वोनश शेयर वितरण गर्न सम्मानित साधारणसभामा निर्णयार्थ प्रस्ताव प्रस्तुत हुँदा चुक्ता पुँजी रु.११ करोड ५० लाखको १३ प्रतिशतले हुने रु. १ करोड ४९ लाख ५० हजार बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत प्रदान गर्ने सर्वसम्मत निर्णय भयो ।

२. हकप्रद तथा बोनस शेयर बाँडफाँड पश्चात कायम हुने चुक्ता पुँजी रु. ३५ करोड ९९ लाख ५० हजारमा ५:३ (साविक ५ कित्ता शेयर बराबर ३ कित्ता) को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

**निर्णयः**

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. २ अनुसार संचालक समितिले प्रस्तावित गरे अनुरुप बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पुँजीमा ५:३ को अनुपातमा (५ बराबर ३) हकप्रद शेयर जारी गर्ने सम्मानित साधारणसभामा प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा हकप्रद तथा बोनस शेयर बाँडफाँड पश्चात कायम हुने चुक्ता पुँजी रु. ३५ करोड ९९ लाख ५० हजारमा ५:३ को अनुपातमा (साविक ५ कित्ता शेयर

बराबर ३ कित्ता नयाँ शेयर) हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो । साथै हकप्रद शेयर निष्काशन सम्बन्धी आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने समेत सर्व सम्मतिबाट निर्णय भयो ।

३. वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. ३४ करोड ५० लाखबाट वृद्धि गरी अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. ५७ करोड ५९ लाख २० हजार पुऱ्याउने ।

**निर्णय:**

वित्तीय संस्थाको वर्तमान अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. ३४ करोड ५० लाख बाट बृद्धि गरि अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी रु. रु. ५७ करोड ५९ लाख २० हजार पुऱ्याउने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुंदा वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पूँजी रु. रु. ५७ करोड ५९ लाख २० हजार पुऱ्याउने सर्वसम्मत निर्णय भयो ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

**निर्णय:**

वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवस्यक संशोधन/परिमार्जन गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा निम्न बमोजिमको संशोधन/परिमार्जन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को प्रबन्धपत्र २०६९ मा संशोधन**

**दफा २ (१)** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वार्ड नं. १० मा रहनेछ ।

**दफा ३ वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोबारको प्रकृति** : वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) तथा यस प्रवन्धपत्र र नियमावली बमोजिम वित्तीय व्यवसायको कारोबार गर्नेछ ।

**दफा ४ वित्तीय संस्थाको मुख्य उद्देश्य** : (१) नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछन्:-

**दफा ५ वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू** : यस वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन, २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ :-

**दफा ५ (त)** प्रचलित कानून को अधीनमा रहि, लगानी नीति तयार गर्ने, अन्य कम्पनी/संस्थाहरुको शेयर तथा डिबेन्चर आदीमा लगानी गर्ने तथा बैंक तथा वित्तीय सेवासंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्ने ।

**दफा ६ (क)** वित्तीय संस्थाको अधिकृत पुँजी रु. ५७,५९,२०,०००/– (सन्ताउन्न करोड उनान्साठी लाख बिस हजार रुपैया मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००।- दरका ५७,५९,२०० (सन्ताउन्न लाख उनान्साठी हजार दुई सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ख)** वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ५७,५९,२०,०००/– (सन्ताउन्न करोड उनान्साठी लाख बिसहजार रुपैया मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००।- दरका ५७,५९,२०० (सन्ताउन्न लाख उनान्साठी हजार दुई सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** वित्तीय संस्थाको चुक्ता पुँजी रु. ५७,५९,२०,०००/– (सन्ताउन्न करोड उनान्साठी लाख बिस हजार रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ५७,५९,२०० (सन्ताउन्न लाख उनान्साठी हजार दुई सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ङ-३) बैंक अफ काठमाण्डौं लि.

दफा ६ (ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय संस्थाले आफ्नो पुँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

दफा ८ (ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

दफा ११ (६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।

दफा ११ (१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र कम्पनी ऐन २०६३, धितोपत्र कारोवार सम्वन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ ।

दफा १२ वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था : यस वित्तीय संस्थाका व्यवसायीक कारोवार नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम सञ्चालन हुनेछ । वित्तीय संस्थाको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

दफा १३ (२) नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नुपर्नेछ ।

दफा १४ प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रवन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा धितोपत्र कारोबार सम्वन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: वदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागु हुनेछ ।

**आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को नियमावली २०६९ मा संशोधन**

दफा २ यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वार्ड नं. १० मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

दफा ३ (क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ सम्झनु पर्छ र उक्त शब्दले सो ऐनमा हुने जुनसुकै प्रकारको परिवर्तन/संसोधन वा उक्त ऐनलाई प्रतिस्थापन गर्न बनेको अन्य ऐन समेतलाई बुझाउँछ ।

दफा ३ (ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

दफा ३ (ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४९ को उपदफा (४) मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्दछ ।

दफा २९ (१) सञ्चालक समितिले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको योग्यता पुगेको एक जना स्वतन्त्र (व्यावसायिक विशेषज्ञ) सञ्चालक नियुक्त गर्नेछ ।

दफा २९ (२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए वमोजिम एक कार्यकालको लागि मात्र हुनेछ ।

**दफा ३२ (१-ख)** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु. ५,०००।- (रुपैया पाँच हजार) र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.४,५००।- (रुपैया चार हजार पाँच सय) हुनेछ ।

**दफा ३२ (१ग/अ)** स्वदेशमा दैनिक भत्ता रु. ५,०००।- (रुपैया पाँच हजार) ।

**दफा ३२ (१ग/आ)** भारतमा दैनिक भत्ता भा.रु. ३,०००।- (भा.रु. तिन हजार) ।

**दफा ३२ (१ग/इ) थप गर्ने:** प्रत्येक सञ्चालकलाई मासिक पत्रपत्रिका खर्च रु. १,५००।- (रुपैया एक हजार पाँच सय) र सञ्चार खर्च रु. १,०००।- (रुपैया एक हजार) उपलब्ध गराईने छ ।

५. माथि उल्लिखित कार्यहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृति पश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**निर्णय:**

विशेष प्रस्ताव अन्र्तगत प्रस्ताव नं. ५ अनुसार साधारणसभाबाट पारित प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायबाट प्राप्त निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई अन्तिम रुप दिन र साधारणसभाका निर्णय कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

ग) विविध :

विविध प्रस्ताव अन्तर्गत वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७४ मंसीर ०७ गतेको ६० औं बैठकले श्री किरण विष्टलाई स्वतन्त्र व्यावसायीक सञ्चालकको रुपमा नियुक्त गरेको जानकारी सम्मानित सभालाई गराईयो ।

## १२. धन्यवाद ज्ञापन तथा चौथो वार्षिक साधारणसभाको समापन

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले अध्यक्षले वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, विभिन्न नियमनकारी निकायहरु, लेखापरीक्षक, बैंक तथा वित्तीय संस्थाहरु, व्यवस्थापन तथा कर्मचारीहरु लगायतलाई धन्यवाद ज्ञापन गर्नुभयो र औपचारिक रुपमा चौथो बार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

---------------------------
दामोदर जोशी
कम्पनी सचिव

---------------------------
राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष